CONTRIBUTIONS TO NEPALESE STUDIES
CNAS, TRIBHUVAN UNIVERSITY

Vol. 13, No. 2
April, 1986

# "आचार्य दीपङ्कर श्रीज्ञान (अतीशा) को तिब्बत यात्रा: एक नयाँ अध्ययन"

रमेश ढुङ्गेल

वुद्धधर्मको ईतिहासमा आचार्य दीपङ्करको स्थान ज्यादै उल्लेखनीय छ। उनले वुद्धधर्मका
विख्यात आचार्य शान्तरक्षित जन्मिएकै राजवंशमा जन्म लिएका थिए। उनी उत्तर भारतमा
अवस्थित प्रसिद्ध वौद्ध शिक्षाकेन्द्र विक्रमशीलमहाविहारका ८ महापण्डित मध्येका एक प्रति-
ष्ठित महापण्डित थिए। दीपङ्करले भारतमा मात्र सीमित नरही नेपाल हुँदै विश्वका
सर्वोच्च हिमशिखरहरू पारगर्दै तिब्बती भूखण्डमा समेत प्रवेश गरेर वुद्धधर्मको प्रचार प्रसार गरेको
इतिहास हाम्रो अगाडि स्पष्टछ ! त्यसैले तिब्बतका विद्वान् भिक्षुहरूको बोचमा श्रीज्ञानको
निकैठूलो सम्मान छ। यिनलाई तिब्बतीहरू अतीशा अथवा जो-वो-जे (स्वामि भट्टारक) भन्द-
छन्। (राहुल १९९०:२०७)। आचार्य दीपङ्करको विषयमा जानकारी प्राप्तगर्ने उनका
चेलाहरूद्वारा लिखित जीवनचरित्र, वुद्धधर्मका विभिन्न धर्म ग्रन्थहरू लगायत वृत्तान्तहरू समेत पाइ-
एका छन्। (डोम्-तोन् रचित `गुरू गुण धर्माकर सुम्-पारचित पाग्-साम्-जोम्-जाङ्, देव-थेर-
ङ्-ोन्पो, देब थेर मार-पो आदि) यिनै स्रोतहरूको आधारमा दर्जनौं भन्दा वढी विद्वान्हरूले
आचार्य दीपङ्कर र उनको तिब्बत यात्रा विषयमा कलम चलाएका छन्। जसमध्ये एस.सि.
दास, पि.एन. वोस, जि. रोइक, सिल्भाँ लेभो, जुसेप टुचो, एस. के. चटर्जो, आर.सि.
मजुम्दार, राहुल सांकृत्यायन, एस.सि.सरकार, डि. सि. भट्टाचार्य, अलका चट्टोपाध्याय
आदि उल्लेखनोय छन्। यी वाहेक तिब्बतको धर्म र इतिहास विषयमा कलम चलाउने सवैजसा
विद्वान्हरूले अतीशाको विषयमा थोर वहुत लेखेकै हुन्छ। आज यस विषयमा अनुसन्धान हुन-
थालेको पनि शताब्दी भन्दा वढी भैसकेको छ। तर अतीशाको तिब्बत यात्राको वाटो र
नेपालको घटना विषयमा चाहिं सवै विद्वान्हरू अलमलमै परेको महशूश हुन्छ। यसवाट थोर
वहुत नेपालको इतिहासमा पनि असर परिरहेको छ। त्यसैले यस विषयको भ्रमलाइ हटाएर
वास्तविकतालाइ प्रकाश पार्ने यस लेखको उद्देश्य रहेको छ।

## विषय प्रवेश

इशाको एघारौं शताब्दीको मध्य तिरको कुराहो उत्तर भारतको विक्रमशील महाविहार-
का एक महापण्डित दीपङ्कर (अतोशा) को गुणको वर्णन छिटो भन्दा छिटो वौद्ध जगतमा
फैलिइरहेको थियो। यसैको फलस्वरूप पश्चिम तिब्बत ङरी प्रदेश गुंगेका राजा ल्हा-लामा-
ये-से- होए (देव गुरू ज्ञान प्रभ) ले पहिलोपल्ट तिब्बत क्षेत्रका जनताको उद्धारका लागि महा-
पण्डितलाई ल्याउन निम्तो दिएर ग्या भन्ने ठाउका चोन दुए सेङ्गे (वीर्य सिंह) भन्ने


ཇོ་བོ་ཆེན་པོ་དཔལ་ལྡན་ཨ་ཏི་ཤ་ལ་ན་མོ།
महा स्वामि श्रो अतोशालाइ नमस्कार।

दोभाषे भिक्षुलाई १६ द्रोण सुन सहित विक्रमशीलमा पठाएका थिए। (चट्टोपाध्याय १९८१: ४१३) तर दीपङ्करले विभिन्न कारण देखाइ तिव्बत जान इन्कार गरे। ग्या-चोन्को केही सिप लागेन र महापण्डितलाई तिव्बत ल्याउन नसकि दु:खित भएर तिव्बत फर्किए र सुन राजालाई फिर्ता दिए। (चट्टोपाध्याय, ४१३) यसरी राजा ज्ञान प्रभको महापण्डित अतीशालाई उनको मुलुकमा पु-याउने र देशमा वुद्ध धर्मको उद्धारगर्ने यो पहिलो प्रयास असफल भयो। तर राजा यस विषयमा यतिलेनै चित्त वुझाएर वसेनन् उनी महापण्डितलाई तिव्बत नल्याइ नछोड्ने योजना वनाउन थाले र अझ बढी सुन सङ्कलन गर्न थाले। तर यसैवेला गार-लोग[1] द्वारा समातिएर उनी वन्दी वनाइए। (चट्टोपाध्याय ४१४) ।

यस किसिमले धर्मात्मा राजा शत्रुपक्षवाट समातिएकोले गुगे क्षेत्रमा दु:खदाइ अवस्था सिर्जियो। एकातिर वुद्धधर्मको अवस्था नाजुक भैरहेको थियो भने अर्कोतर्फ धर्मको पुनरुद्धार गर्ने राजा शत्रुद्वारा समातिए। यसरी वन्दी वनाइएका राजा ज्ञान प्रभलाई छोड्न गार-लोग्का राजाले २ वटा शर्त राखेर ती शर्तहरू मध्ये कुनै एक पूरा गर्न भने। जुन शर्तहरू निम्न थिए: (१) कि राजा ज्ञानप्रभले वुद्धधर्म प्रतिको आस्था छाड्नु पर्ने वा (२) राजाको शरिर वरावर तौलको सुन उनका भतिजाहरूले गार-लोग्लाई वुझाउनु पर्ने। पहिलो शर्त सजिलो थियो तर राजा ज्ञान प्रभको लागि असंभव। त्यसैले अव अर्को शर्त पुरागर्ने तर्फ ज्ञान प्रभका भतिजा ज्याङ् -छुयुव्-होए (वोधि-भद्र) लागे। ज्याङ् छुयुव् होएलाई राहुलले खो-दे अर्थात ज्ञान-प्रभको छोरा भनेकाछन् (राहुल: १९७६:३४) तर उनका २ छोरा जसलाई नागराज र देवराज भनिन्थ्यो, दुवै भिक्षु भएका थिए। (चट्टोपाध्याय १९८१: २८५) जेहोस् ज्ञान प्रभ पछिका राजा ज्याङ्-छुयुव्-होए (वोधि-भद्र) ले देशका विभिन्न क्षेत्रवाट सुन जम्मागर्ने काम शुरू गरे। यहां सम्मकि, त्यस घटनाको समयमा लामाहरू माथि पनि कर लगाउनु प-यो। जे-जसरी भए-पनि गार-लोग्का राजाले माग गरे वमोजिम्को सुन जम्मा भयो र वोधि-भद्रले राजा ज्ञान प्रभलाई सुन जम्मा भएको खवर पठाए। तर राजाले यो सुन मलाई छुटाउन खर्च गर्नेहैन यसले त महापण्डित अतीशालाई तिव्बतमा ल्याउने काम गर, जसबाट संपूर्ण तिव्बतको उद्धार हुन्छ भन्ने सल्लाह दिए। ज्ञान प्रभले म वृद्ध अवस्थामा पुगिसकेको व्यक्तिलाई छुटाउनु भन्दा महा-पण्डितलाइ तिव्बतमा ल्याई खतम हुन लागेको धर्म (वुद्ध) उद्धारगर्ने वेला आएको छ भन्ने जवाफ दिए। (चट्टोपाध्याय: ४१४) यसरी वुद्धधर्म प्रतिको आस्था र महापण्डितलाई तिव्बत ल्याई त्यहां गिर्न लागेको धर्मको पुनरुद्धार गर्नको लागि ज्ञानप्रभले आफ्नो जीवननै अर्पण गरेको देखिन्छ। केही समय पछि राजा ज्ञानप्रभको वन्दीकै रूपमा मृत्यूभयो। उनले आफ्नो अन्तिम अवस्थामा यदि महापण्डितलाई ल्याउन नसकेको अर्थात अस्वीकार भएको खण्डमा उनले सिफारीश गरेका अरू कुनै पण्डितलाइ भएपनि ल्याउनु भनेका थिए। यसै अनुरूप राजा वोधिभद्रले

---

१. गार-लोगको उल्लेख पुराना स्रोतमा पश्चिम तिव्बतको श्याङ्-शुङ् क्षेत्रसँगै भएको हुनाले त्यतैतिरको वोन्-पो पंथीहरूको रजौटो हुनुपर्दछ।

पनि कामगर्ने निर्णय गरी भारतमा अध्ययन गरी बसेका तिव्वती भिक्षु नाग्-छो छुल-ठीम-ग्यालु-वा (जयशील वा शील विजय) लाइ जसरी भएपनि अतीशालाई तिव्वत ल्याउनु पर्‍यो, तिमीले आफ्नो देशको लागि सेवागर्ने अवसर आएकोछ भनि राजकीय पत्र पठाए। जयशील २ वर्ष भारतमा अध्ययनको लागि वसिसकेका थिए र उनी संस्कृत भाषापनि जान्दथे। पहिले त उनले यस कठिन कामलाई आफ्नै पठन-पाठनको कारण देखाई इन्कार गरे। राजा बोधि-भद्रले अर्को विशेष आशा र त्रास समेत दुवै देखाइ आज्ञाको खवर जयशीललाइ पठाए। जसमा यो राजाको आज्ञा हो, यसलाइ अस्वीकार गर्नु भनेको मृत्यू हो, अर्कोतर्फ यदि योकाम पुरा भएमा ठूलो पुरस्कार दिइने साथै उनले इच्छाए वमोजीम तिव्वत वा भारत जहां भएपनि अध्ययन गर्ने व्यवस्था राज्यतर्फवाटै मिलाउने कुरा समेत आज्ञामा उल्लेख गरिएको थियो। (चट्टोपाध्याय: ४१५) त्यसैले उनले यो काम गर्न वाध्यनै हुनु पर्‍यो।[१]

माथि उल्लेखित घटनालाइ सबै विद्वान्हरूले एकै किसिमले उल्लेख गरेका छैनन्। जस्तो कसै-कसैले यस घटनालाइ गुङ् थाङ् पा अर्थात गुङ् थाङ्का निवासी चौन ढुए सेङ्गे (वीर्य सिंह) लाइ राजाले यो महापण्डितलाइ तिव्वत ल्याउने कामको जिम्मा दिए र उनले नाग्-छो निवासी छुल ठीम ग्यालुवा र अरू केही अनुयायीहरू समेतलाइ सहयोगी वनाई नेपालको वाटो भएर विक्रमशील तर्फ गए भन्ने उल्लेख गरेकाछन्। (राहुल १९६०:२१७) तर अनुवादमा भएको त्रुटिले यस्तो भएको हुनु पर्दछ। वास्तवमा गुङ् थाङ् पा अर्थात गुङ्थाङ् निवासी लो-चा-वा (दोभाषे) नाग्-छोका छुल ठीम ग्यालुवा हुन ग्या का चौन ढुए सेङ्गे होइनन्। यस विषयमा तल उल्लेख गरिने तथ्यतावाट अझ प्रष्ट हुनेछ।

यस किसिमले गुङ्-थाङ् नाग्-छोका लो-चा-वा भिक्षुले राजाज्ञा वमोजिम संभवभए महापण्डित अतीशालाई नभए पण्डितद्वारा छानिएका कुनै अरू पण्डितलाई भएपनि तिव्वत लैजान स्वीकारगरे। नाग्-छो लो-चा-वाको माग अनुरूप ५ जना तिव्वती सहयोगी र आवश्यकता अनुरूप सुन राजा ज्याङ् छुवुले पठाए। (चट्टोपाध्याय: ४१५) यस पछि अतिशाको जीवन चरित्र मूल तिव्वतीमानै त्यस्तो लेखिएर हो वा अनुवादमा भएको दोषलेगर्दा भएको हो, केही मेल नखाने कुरा उल्लेखित भएको छ। किनकि जीवन चरित्रको अनुवाद जुन प्रकाशमा आएको छ, त्यसमा माथि उल्लेख गरिए जस्तो जुन समयमा राजा ज्याङ् छुवुले नाग्-छो लो-चा-वालाई महापण्डितलाई तिव्वत ल्याउने कामको जिम्मा लगाए त्यसवेला उनी भारतमानै अध्ययनमा थिए र उहीं उनले राजाले पठाएको आज्ञाको खवर पाउनुको साथै तिव्वतका ५ जना सहयोगीहरू पनि

---

१. यो कुरा ङाग् वाङ् निमाद्वारा संपादित अतीशाको जीवनीमा लेखिएको छ। यसको अंग्रेजी अनुवाद चट्टोपाध्याय ले छाप्नुभएको छ। (चट्टोपाध्याय १९८१:४२३-१५)

उहीं पुगेको उल्लेखछ। (चट्टोपाध्याय: ४१५) त्यस्तैगरेर दीपंकर तिव्वत तर्फ प्रस्थान गर्ने समयमा नाग्-छो भारत वसेको ३ वर्ष र ५ महिना भैसकेको र उनी एककिसिमले पूर्ण विद्वान् भैसकेका थिए भन्ने चर्चाछ। (चट्टोपाध्याय: ४१६) फेरी त्यही जीवनचरित्रमानै अलिक तल नाग्-छो (जयशील) विक्रमशील विहार पुगेको वर्णनमा उनले विक्रमशीलको लागि यात्रा सुरु गरे, अप्ठेरो वाटो पारगर्दै वाँसले वनेका फोपडीहरूमा वास वस्दै नेपालको वाटो हुँदै गए। वाटोमा नेपालका राजाको वोध गया तर्फको यात्रा दललाइ भेटे र राजाको तीर्थयात्राको डफ्फा सँगै नाग्-छोको डफ्फा पनि वोध गया पुगेको र वोधगयावाट मात्र तिव्वती दल विक्रमशीला तर्फ लाग्यो भन्ने चर्चाछ। (चट्टोपाध्याय: ४१५,१६) यस कुरावाट एकातिर नाग्-छो लो-चा-वा भारतमै थिए भन्ने वुफिन्छ भने, अर्कोतर्फ उनो तिव्वतमै भएको र तिव्वतवाट विक्रमशीला तर्फ हिंडेको वुफिन्छ। यसकिसिमको द्विविधात्मक चर्चा पर्नुको कारण एकत अनुवादमा दोष पनि हुन सक्दछ। यदि यसो भएको हैनभने नाग्-छो लोचावाले महापण्डितलाइ तिव्वत ल्याउने कामको जिम्मेवारी लिइसकेपछि एकपटक उनो आफ्नो विहार गुङ्-थाङ् तर्फ विदामा गएको हुनु पनि संभवछ र गुगेवाट राजाले नाग्-छोको सहयोगको लागि ५ जना तिव्वतीहरू र खर्चको लागि सुन समेत दिएर गुङ्-थाङ् पठाएको हुनुपर्दछ। यस्तो भएमा जीवन चरित्रमा उल्लेख भएका राजाले मानिस र सुन नाग्-छो लो चा-वा कहाँ पठाएको आज्ञाको खवर पठाएको र नाग्-छोको दल तिव्वतवाट नेपालहुँदै विक्रमशीला तर्फ प्रस्थान गरेको सवै कुरा मिल्दछ। डोम्-तोन् रचित अतीशाको जीवन चरित्रमा यस तिव्वती डफ्फामा १० सदस्य भएको चर्चा छ। (राहुल १९६०:२१७)

यो तिव्वती दल विक्रमशीला पुग्दा अर्का तिव्वती भिक्षु तिव्वतको ग्या निवासी चोन दुए सेङ्गे (जसले प्रथमपटक अतीशालाइ तिव्वत लैजाने प्रयास गरेका थिए) त्यहिं अध्ययन गरेर वसेका थिए। उनी संग नाग्-छो छुल्ठीम ग्यालवाको दलले भेट्यो। ग्या-चोन् ले उक्त तिव्वती दललाइ देख्ना साथ दीपंकरलाइ लिन आएको प्रष्ट वुफि हाले। महापण्डितलाइ भेट गराउने लगायत संपूर्ण तरीकाहरू ग्या -चोन्-ले नाग्-छोलाइ सिकाए। ग्या-चोन् र नाग्-छोको भेट हुनासाथ ग्या-चोन्ले तथागतरक्षित, सुमतिकीर्ति जस्ता अतोश अन्तर्गतका ठूला पण्डितहरू छन् तर अतीशाको समकक्षामा आउने आजकल विश्वभरनै दोस्रो वौद्ध आचार्य नभएको कुरा वताए। ग्या-चोनले अतीशालाइ तिव्वत लैजाने योजना गोप्य राखि नाग्-छो समेत सवै तिव्वतीहरू अध्ययनगर्न आएको भनि विहार प्रमुख स्थविर रत्नाकरलाइ भेट्न सल्लाह दिए र त्यसै अनुरूप उनीहरूले पनि गरे। (चट्टोपाध्याय: ४१६) उता अतीशा संग सुटुक्क भेटि तिव्वतमा वुद्धधर्मको अधोमुखि अवस्था, राजा ज्ञान प्रभको देन र मृत्यु, लाङ्-दार-माले गरेको वुद्धधर्मको विरोध र त्यसको असर र वर्तमान राजा (ज्याङ् छुयुव्) को करूणालेपूर्ण अनुरोध आदि सवै इतिवृत्तान्त सुनाएपछि अतीशाले पनि सवैकुरा महशुस गरे र विक्रमशीलामा उनको जिम्मामा धेरै काम भए-को र धेरै अधुरा कार्यहरू पुरा गर्न वाँकी भएको कुरा नाग्-छोलाइ सुनाए। तैपनि उनले तिव्वत

जान भर्सक कोशिषगर्नै आश्वासन दिए। तर उनले सुन लिन मने नामन्जुर गरे। (चट्टोपाध्याय: ४१६)

उपरोक्त घट्नाको वर्णन पछि जोवन चरित्रमा वास्तवमा दोपङ्करलाई तिव्वत जानको-लागि यसपटक दैविक प्रेरणाले भैसकेको, गयाको अमिताभ मंदीरको अवलोकितेश्वर वोलेको कुरा समेत उल्लेख भएको छ। त्यस्तैगरेर उनलाइ देवो ताराले भनेको, योगिनोलाइ भेटेको र आचार्य दीपङ्करले आफुलाइ तिव्वतमा निम्त्याएको र त्यसतर्फ जांदा सफलता मिल्छ वा मिल्दैन भन्ने प्रश्न गरेको र योगिनोले राम्रो सफलता मिल्छ, त्यहां एकजना असल अनुयायी (उपासक) मिल्नेछ[१] भन्ने जवाफको विवरण समेत उल्लेखछ। (चट्टोपाध्याय: ४१६)

यसकिसिमले विभिन्न स्थानमा गएर वुफेर सोचेर मात्र दीपङ्करले तिव्वत जाने निर्णय गरेको वुफिन्छ। यसरो जाने तय भैसकेर पनि अतीशा गया तर्फको भ्रमणमा गएका र जान-लाग्दा उपाध्याय ज्ञानश्रीले गयाको एक गुफामा वसेको वृद्ध जाताधारिणीलाइ भेट्न सल्लाह दिएको र गयामा जाताधारिणीलाइ भेटेको र उनले पनि अतीशालाई तिव्बतमा पूर्ण सफलता मिल्ने तर उनको जीवन २० वर्ष घट्ने कुरा जाताधारिणीले बताइदिएको तर अतीशाले आफु-लाई भन्दा अरूको उद्घार शोची २० वर्षको जीवनको वलिदान गर्ने अठोट गरेको कुराको उल्लेख छ। (चट्टोपाध्याय: ४१६)

माथि उल्लेख गरिएका संपूर्ण कुराहरू कति सत्य हुन् र कति आधारहोन किंवदन्तिको रूपमा छन्। तापनि अतोशाले भारतोय भूमि छाडेर तिव्वत तर्फ जान निकै कठिनाइ पूर्ण कार्य थियो। त्यसैले धेरै तयारी र शोच विचार र छलफल साथै शुभ-अशुभ आदिको समेत विचार भने अवश्यै भएको थियो। त्यसैको संकेत स्वरूप माथिका कथाहरू उनको जीवन चरित्रमा जोडिएको हुनु पर्दछ। जुन समय दीपङ्कर तिव्वतको लागि प्रस्थानगर्न लागेका थिए त्यसवेला भारतमा तुर्कहरूको आक्रमणाको डर फैलिइरहेको थियो। त्यसैले भारतमा धर्म अस्त हुन्छ भन्ने डरले पनि दीपङ्कर जस्तो तान्त्रोक विशेषज्ञलाई छाड्न भारतवासोहरूलाइ मुस्कील परेको थियो। त्यस-वेला दीपङ्कर नभए भारतमा वुद्ध धर्ममा अन्धकार छाउने कुरा समेत विदाइको वेला महास्थविर रत्नाकरले भनेका थिए। (दास १९६५: ७३) त्यसैले त्यसवेला आचार्य दोपङ्कर भारतवासीहरू-का आँखाले वनेका थिए। (राहुल १९९०:२१८) त्यसवेला तुर्कहरूको आक्रमणाको भय बढ्नुको कारण चाहिँ पूर्वा भारतमा महमुद गज्नोले आक्रमण गरेका थिए तर यो आक्रमण त्यत्ति प्रभावशालो थिएन। पछि अतोशा तिव्वतगएको करीव-करीव शताब्दी भन्दा वढी पछि महमुद वाक्तियारले भारतमा तहस-नहस मचाएका थिए।

---

१. यी उपासक वास्तवमा डोम तोन् पा हुन् भनिन्छ।

यसकिसिमले भारतमा त्यस वखत मुसलमानको आक्रमणको भय फैलन लागेको हुंदा दीपङ्करलाइ तिव्वत जानदिने विचार कसैको नउठेको हो। तरपनि वडो मुस्कोलले दीपंकरले तिव्वत जाने निर्णय गरे। तैपनि उनका अधुरा कार्यहरू पुरागर्न उनलाइ कममा पनि १८ महिना लाग्ने हुनाले त्यति समय सम्म पर्खनुपर्ने कुरा नाग्-छो लो-चा-वा लाइ वताए। उनीहरूले वर्षौं पर्खनु परेपनि महापण्डितलाई लिएर जाने निर्णय दिए। त्यसपछि उक्त समय सम्म विक्रमशीला-मा वस्न र उनोहरूको अध्ययनको व्यवस्थाको लागि महास्थविर रत्नाकर संग अनुरोध गर्न सल्लाह दिए र उनोहरूले पनि त्यसै गरे ।

यसकिसिमले नाग्-छोको दल विक्रमशील पुगेको १८ महिनापछि दोपङ्करले तिव्वततर्फ प्रस्थानगर्ने पूर्ण तैयारी संपन्न गरे। त्यसवेला महास्थविर रत्नाकरले ग्या-चोन् र नाग्-छो लो-चा-वा लाइ तिमिहरू यस विहारका सफल विधार्थी हो। मेरा महान् विद्वान् (दीपंकर) लाई तिव्वती शासकले तिव्वती जनताको लागि लैजादैछन्। म उनलाइ रोक्न सक्दिन तर ३ वर्षपछि तिमिहरूले उनलाइ फिर्ता ल्याउनु भने। त्यस वेला नाग्- छोले महास्थविरको आज्ञा-लाई स्वीकार त गरे तर यो कवुल उनले पछि पुरागर्न सकेनन्। अतोशाले आफ्नो यसपछिको संपूर्ण जीवनकाल तिव्वतमै समाप्त गरे। (चट्टोपाध्याय:४२० (जोवनो) र पृ. ३१२)

अव पूर्ण तैयारी भैसकेपछि आचार्य दोपङ्करले आफु र आफ्ना साथमा जाने आफ्ना मानिसका केही पुस्तकहरू र आवश्यक सामानहरू केही तिव्वतीहरूको साथ जिम्मा दिएर नैपाल तर्फ पठाइदिए। (राहुल १९६०: २२०) विक्रमशोलवाट सर्वप्रथम आचार्य वुद्धगया तर्फ प्रस्थान गरे त्यसवेला उनको साथमा आफु आफ्ना मानिस (भारतीय शिष्य) तिव्वतो लो-चा-वा समेत जम्मा गरेर १२ जना थिए। (राहुल:२२०) जसमा पण्डित भूमि गर्भ, भूमि संघ, वीर्यचन्द्र-को साथ तिव्वतो ग्या-चोन् र नाग्-छो लो- चा-वा थिए। (दास १९६५:७३) यहां उल्लेख गरिएका भूमि गर्भलाइ कहिं कहिं दितिगर्भ अर्थात तिव्वतमा गोए लो-चा-वा भनिएकोछ । (चट्टोपाध्याय: ३१४) तर गोए लो-चा-वाले इशाको १४७६ मा अतिशाको वारेमा लेखेको भन्ने उल्लेख पाइनाले यस विषयमा द्विविधा उत्पन्न भएकोछ। जेहोस्। वुद्ध गया (वज्रासन) को दर्शन गरेर महापण्डितको धार्मिक दल नेपालतर्फ जान वाटोलाग्यो। जांदा वाटोमा पर्ने मित्र नामक एक विहारमा धार्मिक दल पुग्यो। (दास: १९६५:७३) त्यसवेला उनको साथमा तिव्वतो शिष्य ग्या-चोन र नाग् छो र उनीहरूका क्रमस: २ र ६ जना सहयोगो र आचार्यका २० जना अरू सहयोगीहरू समेत भएकोले दल निकै ठूलो थियो। यस दललाइ उक्त मित्र विहारमा भव्य स्वागत गरियो। (दास १९६५:७३) यसपछि दल भारतको सोमावर्ती क्षेत्रमा पुग्यो। जहाँ एक सानु विहार थियो। त्यसपछि संघहरूको एक गाउको विहारमा दल पुग्यो। त्यहाँपनि भव्य स्वागत भयो। त्यहाँ पुगेपछि फेरो स्थानीय संघहरू (पण्डित) वीच दोपङ्कर तिब्वत जानाले भारतमा वुद्ध धर्मको सूर्यअस्त हुनेछ भन्ने चर्चा चल्यो। (दास १९६५:७३) यसको मतलव पुन: एक-

पटक महापण्डितलाई तिब्बतजानवाट रोक्ने प्रयास चल्यो। केही त्यहांका स्थानीय मानिस-हरूले त यसरी दीपङ्कर तिब्बत जानुको मतलब भारतीय भूमिमा वुद्धधर्मको पतन अवस्यंभावी भस्को दृष्टिकोण समेत व्यक्त गरे। (दास: ७३)

यो ठाउँवाट अगाडि वढेपछि भने महापण्डितको धार्मिक मण्डलीले भारतको सीमा पार-ग-यो र त्यहां तीर्थिकाहरूको पवित्रस्थानमा पुग्यो भनिस्को छ। त्यहां १५ जना तीर्थिका संप्रदायकै आचार्यहरू थिए। उनीहरूले पनि दीपङ्करको दललाई त्यस्तै स्वागत गरे। १ दिन सम्म दीपङ्करले तीर्थिकाहरूकै धर्म वारे प्रवचन दिए। यसरी वुद्धधर्मका आचार्य भएरपनि आफ्नो धर्म संप्रदाय वारेमा राम्रो प्रवचन व्याख्या गरेको सुनेर महापण्डित सँग खुशी भएर उनीहरूले दीपङ्करलाइ चिन्ह स्वरूप छाता दिए। त्यहाँवाट पनि दल अगाडि वढ्यो। त्यहाँ कुनै तीर्थिकाहरू भने शैव र त्यस अन्तर्गतका कापालिक र कुनै वैश्णवहरू थिए। उनीहरू मध्ये शैवको छोराहरू भने वुद्धधर्मका विरोधि थिए र डाह गर्दथे। त्यसैले दीपङ्कर धर्म व्यवस्थाको लागि तिब्बत गस्को उनीहरूले मन परास्नन् र आचार्यलाइ खतम गर्न १८ जना डाँकुहरू पठाए तर तिनीहरू अतीशालाइ देख्नासाथ मूर्ति जस्तो भएर हल-चलगर्न नसक्ने भए भन्ने कुरा जीवन चरित्र-मा उल्लेख भस्को छ। (दास १९६५:७४)

यहां महापण्डितको जीवनीकारले उल्लेख गरेका भारतीय सिमाक्षेत्रका उक्त धार्मिक स्थानहरू कुन हुन र तीर्थिका कापालिक शैव, वैश्णवहरूको वारेमा थाहलागे आचार्य दीपङ्कर-को दल कुन वाटोवाट नेपाल आयो भन्ने विषयमा प्रष्ट रूपमा थाह पाउन सजिलो हुन्छ। तर यस विषयमा अहिलेसम्म कुनै तथ्यता प्राप्त गर्न सकिस्को छैन।

यसपछि नेपाल उपत्यका (काठमाडौं) पुग्नु भन्दा अगाडिनै भारतीय सीमाक्षेत्रकै एक ठाउँको जीवनीमा उल्लेख आउँछ। जुन ठाउँलाइ गोठालेहरूको भूमि भनिस्को छ। त्यसपछि मात्र दलले नेपालको भू-भागमा प्रवेश ग-यो। त्यहां नेपालको क्षेत्रमा प्रवेश गरेपछि त्यहांका राजाले विद्वद् मण्डली माथि नराम्रो व्यवहार प्रस्तुत गरे। महापण्डित अतीशाले तिब्वतमा (संभवत: राजालाई दिन) उपहारको लागि साथमा ल्यास्को काठको सानु खटिया त्यहांका राजाले मागे तर महापण्डितले कारण समेत खुलाइ दिन इन्कार गरेपछि राजा रिसाए। उनले भोलि पल्ट विहान अपाचार्यको दल त्यहांवाट वाटो लाग्नुभन्दा अगावै वाँसका धनुकाँड वोकेका डाँकाहरू लुटमार गर्न भनि पठास्का थिए। तर ती पनि आचार्यको तान्त्रिक ज्ञान-द्वारा परास्तभए भनिस्को छ। (दास १९६५:७५)

यसरी नेपालको क्षेत्रमा प्रवेश गर्नासाथ विद्वद् मण्डलो माथि अभद्र व्यवहार गर्ने राजा नेपालको केन्द्रिय सरकारद्वारा करद स्थानीय कुनै सामन्त राजा हुनुपर्दछ। तर त्यो कुन ठाउं-

हो? ज्यादै चाखको विषय भएको छ। यसको अध्ययनकोलागि महापण्डितको धार्मिक दल विक्रमशीलावाट काठमाडौं उपत्यका आउँदा हिंडेको वाटो कुन थियो भन्ने विषयमा जान्नु आवश्यक हुन्छ। त्यही वाटोमा पर्ने सीमावर्ती क्षेत्रको कुनै ठाउं यो हुनुपर्दछ। अलका चट्टोपाध्यायले अतीशाको दल वोधगया देखि काठमाडौं जान संभवत: गया–पट्ना–चंपारन हुँदै हिंडेको थियो, जुन मार्ग त्यससमय देखि व्यापारीहरू हिंड्ने मुख्यमार्ग थियो भन्ने राय पेश गरेकी छन् (१९८१:३१६) वास्तवमा चट्टोपाध्यायको यो अनुमान ठीकै जस्तो लाग्छ। काठमाडौंवाट तराइ झर्ने मुख्य मार्ग फर्पिङ वा थानकोट भैरवाट चित्लाङ टिस्टुङ हुंदै जाने मुख्य थियो (वज्राचार्य २०३०:३०९–१०;, ढुङ्गेल २०४२:४) अर्को वनेपा तर्फवाट सिंधुली पुग्नेपनि वाटो चल्तीकोनै थियो। हुनत दोलखा तर्फवाट तिव्वत–भारत वीचको व्यापारमार्गको रूपमा यो वढी चल्तिको थियो (वज्राचार्य र श्रेष्ठ २०३२:५) विक्रमशीलावाट प्रस्थान गरेपछिको आचार्य दीपङ्करको यात्रा विवरण वारे माथि उल्लेख गरिए भन्दा वढी जानकारी पाउने कुनै साधन अहिलेसम्म पाइएका छैनन्। आचार्यको जीवनीमा माथि उल्लेखित यात्रा विवरण पछि एकै चोटि महापण्डितको दल आर्य स्वयंभूनाथ पुगेको कुराको चर्चा छ। स्वयंभूमा त्यहाँका स्थानीय राजाले आचार्यको स्वागत गर्न भव्य तैयारी गराएका थिए। आचार्य त्यहाँ पुग्नु भन्दा पहिलेनै उनको स्वागतको लागि स्वयंभूका राजाले आफ्नो अधिकारीहरू स्वयंभूवाट निकै टाढा माथि टि–शोङ–ढो सम्म पठाए भन्ने चर्चा छ।* आचार्यलाइ ज्यादै श्रद्धापूर्वक स्वागत गरेर दरबारको मुख्य भागमानै वस्ने प्रवन्ध स्वयंभूका राजाले मिलाए र महापण्डित त्यहाँ रहन्ज्याल सम्म राजाले उनको साथ छाडेनन्। त्यस्तै दीपङ्कर त्यहाँपुगेको तेस्रोदिन वेलुको स्वयंभूमा धुम–धाम मनोरन्जनकासाथ त्यहाँका राजा र जनताको सुख समृद्धिको लागि धार्मिक कार्यहरू संपन्नभए। (दास १९६५:७५) स्वयंभूमा धेरैलामो समय सम्म महापण्डित र उनको दल वसेको वुझिंदैन। (चट्टोपाध्याय १९८१:३१७) यसवेला लो–चा–वा ग्या–चोन्लाइ ज्वरो आयो। हुनत केही दिन अगाडी देखिनै उनलाइ सन्चोथिएन। तर उनको अवस्था निकै नाजुक भैसकेको थियो। यहांनिर ग्या–चोन् स्वयंभूवाट हिंडेपछि सिकिस्त भएको जस्तो संकेत अतीशाको जीवनीवाट वुझिन्छ। यस घट्ना सम्म आजसम्म अतीश दीपंकरको विषयमा अनुसन्धानगर्ने सवैजसा विद्वान्हरूको रायमा थोर वहुत फरक भएतापनि प्राय: जसो मेलखाएकै देखिन्छ र सो राय प्रमाणित पनि हुन्छ। अव यसपछि पाल्पा वा पाल्पोही थाङ्को विषयमा, होल्खा भन्ने स्थानको विषयमा राजा अनन्तकीर्ति र थं वा थम् विहारको विषयमा र तिव्वतमा महापण्डित अतीशाको दल पहिले कुनठाउमा पुग्यो भन्ने विषयमा समेत विभिन्न कारणवश पुष्टिनहुने खालका विचारहरू आजसम्म यसविषयमा हातहाल्ने सवै विद्वान्हरूले व्यक्त गरेका छन्। यहां पहिले अहिलेसम्मको विद्वान्हरूको अध्ययनलाइनै उदाहरणार्थ पेश गर्नु उचित हुनेछ।

---

* यस्तो चर्चा चट्टोपाध्यायले गरेतापनि वास्तवमा यो टि–शोङ–ढो स्थान नभएर कृशोङ वा टि–शोङ भारो भन्ने व्यक्तिको नामहो उनी स्वयंभूका स्थानीय पात्रका कुनै मारो थिए। वास्तवमा मूलवाट उतार्दा भएको अन्तरले यस्तो वारो वाट ढो हुन गएको हो। (दास १९८३:४१)

भनिएकोछ, आचार्य स्वयंभूवाट विदाभएर पाल्पा जान भनि हिंडे जांदा-जांदै वाटोमा लो-चा-वा ग्या-चोन् निकै विरामो परे। उनलाइ निकोपार्न अनेक कोशिसभयो तर आखिर नवोंच्नेनै भए। पाल्पातिरको तात्कालिक चलन अनुशार कुनैपनि मानिस कसैको घरमा वसेको वेला म-योभने उसका साथको संपत्ति घरवालाको हुने नियम थियो। त्यसैले ग्या-चोनको अन्तिम अवस्था भएपछि उनका धार्मिक पुस्तक र सुवर्णादि धन वचाउन उनलाइ वोकेर कुनै स्थानीय खोलातिर लगियो त्यहिं (वस्तिवाहिर खोला तिरनै) ग्या-चोन्ले यस संसारलाई संधैको लागि छाडे। यसरी कुशल दोभाषोको असामयिक मृत्युले आचार्य ज्यादै चिन्तित भए। उनको तिब्वत पुगेर धार्मिक उत्थान गर्ने जुन महान आकांक्षा थियो, त्यो पुरा नहुने आचार्यले महसुश गरे। एकपटकत उनले तिब्बत जाने योजनानै परित्याग गर्ने राय प्रकट गरे। तर नाग्-छो समेत अन्य आचार्यको साथमा भएका लो-चा-वाहरूले संफाइ-वुफाइ गरेपछि आचार्य पुन: संयम भए र योजना पुन: यथावत चल्यो। लो-चा-वा ग्या-चोन मरेपछि १ रात पाखामै बिताइ भोलिपल्ट डोलोमा उनका विछ्याउना र अरू लुगाहरू राखेर स्थानोय प्रशासनलाई छल्न ग्या-चोन नमरेको, अफै औषधोपचार हुंदै गरेको वहानागरि दीपङ्करको दल त्यहांवाट पाल्पाको होल्ख भन्ने स्थान तर्फ प्रस्थान ग-यो; जहां एकजना कान नसुन्ने भिक्षु वस्दथे। उनी आचार्य दोपङ्करका साथी थिए। त्यहां आचार्य र उनका सहयात्री सहयोगीहरू १ महिना सम्म वसे। यस मन्दा पैल्है होल्ख पुग्नु अगि ग्या-चोन् मरिसकेपछि आचार्यले राजा नयपाललाइ एउटा चिट्ठो लेखेका थिए। यस चिठीलाई `विमलरत्नलेख` भनिन्छ। यसको तिव्बतो अनुवाद लो-चा-वाले आचार्यकै सहयोगवाट त्यसैवेला गरेका थिए र उक्त पत्रको तिब्बतो अनुवाद अफै तिव्बती वुद्धधर्मग्रन्थ तेन्-ग्युरमा छ। यसको सुरूमै स्थविर महापण्डित दोपङ्कर श्रोज्ञानले राजा नयपाललाइ लेखेको पत्र भनिएको छ। (चट्टोपाध्याय १६८१:३१८) आचार्य १ महिना सम्म होल्खका वहिरा भिक्षुको पाहुनाको रूपमा वस्दा त्यहां ती वहिरा भिक्षु मित्रलाई दीपङ्करले प्रज्ञापारमिता, गुह्य मन्त्रादिको व्याख्या सुनाए। त्यसैवेला `चर्या संग्रह प्रदीप` भन्ने ग्रन्थ आचार्यले लेखे। जसको तिब्बती अनुवाद नाग्-छो लो-चा-वाले गरे उक्त चर्या संग्रहको तिव्बती रूप तिव्बतो वौद्धधर्म ग्रन्थ तेन्-ग्युरमा छंदैछ साथै यसको मूल संस्कृत रूप पनि पाइन्छ। यहां नेपालका वज्राचार्य परिवारमा अफै विभिन्न उत्सवहरूमा यो चर्या गाउने गर्दछन्।

त्यसपछि होल्खवाट आचार्यहरू पाल्पोहो थाङ् अर्थात पाल्पाको मैदानमा पुगे त्यसवेला त्यहां नेपालका राजाले आचार्य र उनका सहभागोहरूलाई स्वागत गरे। उनको दरवार त्यहीं थियो। अतीशाले राजालाइ एक विहार वनाउने अनुरोध गरे र उनको साथमा भएको `दृष्ट-उष्णीषी` नामक हात्ति राजालाइ दिए। त्यसैको वदलामा एउटा विहार निर्माण गराउने माग पनि महापण्डितले गरे। यसका साथै हात्तिलाइ युद्धको काममा प्रयोग नगरेर धार्मिक पुस्तक वोक्ने र उद्धार कार्यमा प्रयोग गर्न समेत वचन वद्ध गराए। राजाले पनि खुशीसाथ विहार निर्माण गराए। जुन विहारको नाम थं विहार थियो। राजा अनन्तकीर्तिले आफ्नो छोरालाइ भिक्षु वनाउन दिए र कुमार पद्मप्रभ दीक्षित भइ भिक्षुभएर विहारमा वसे।

आचार्यले उनलाइ विहारको लो-चा-वाहरूलाई संस्कृत र तिव्वती दुवै अध्यापन गराउने जिम्मा दिए। दीपङ्करले यहां १ वर्ष विताए। त्यसपछि आचार्यको धार्मिक दल तिब्बतको लागि प्रस्तान गऱ्यो। वडो धुम धाम साथ तिव्बतका राजा ज्याङ्-छुव- होएले पठाएका प्रतिनिधिहरूले स्वागत गर्दै तिव्बतको ङरी क्षेत्र भित्र पर्ने गुङ् थाङ् जो-ना-छेन्-पो (फोङ्-छेन् पो =फोङ्-खा) भन्ने नाग्-छो लो-चा-वा को निवासस्थानमा महापण्डितलाइ पुऱ्याए। (दास १९६५: ७५-७८, चट्टोपाध्याय १९८१:३१८-३२३, राहुल १९६०:२२०-२२१०)

माथि उल्लेखित अतोशाले स्वयंभूनाथबाट प्रस्थान गरेपछिको यात्रा र त्यस समयको घटनालाई यहां गौणारूपमा विचारगर्नु आवश्यक हुन्छ। उनी स्वयंभूबाट पाल्पो तर्फ प्रस्तान गरे भन्ने जुन अतिशाको तिव्बतीमा लेखिएको जीवनीवाट अनुवाद भएकोछ, त्यो वास्तवमा पाल्पो नभएर तिव्बतीको वाल्पो हुनुपर्दछ। यद्यपि यस लेखको लेखकले अतीशाको जीवनी तिव्बती मूलरूप हेर्ने अवसर प्राप्त गरेकोछैन। जेहोस त्यहां वाल्पो नलेखेर पाल्पोनै लेखिएको भएतापनि डोम तोन् वा अरूकुनैपनि जीवनीकारले वाल्पो लेख्दा कारणावस पाल्पो लेख्न पुगेकोहो वा मूलमा वाल्पो लेखिएको र पछि पाल्पो हुन गएको भन्ने कुरा विभिन्न तथ्यताहरूले पुष्टि गर्दछन्। जसको स्पष्टताकोलागि निम्न लिखित वुंदाहरू पेश गर्न सकिन्छ।

(१) आचार्य दीपंङ्करको दल स्वयंभूवाट पाल्पा गएर नेपालका राजा अनन्तकीर्तिलाइ भेटे, उनको दरबार त्यहिं थियो भन्ने कुराले नेपालको राजधानी अर्थात केन्द्र त्यसवेला पाल्पा थियो भन्ने वुझ्नुपर्दछ। जुनकुरा अन्य सामग्री र तथ्यहरूले पुष्टि गर्दैनन्।

(२) वास्तवमा यो कुरा कुनै हालतमा पनि मिल्दैन। किनकि आचार्य त्यहां पुग्दा राजा अनन्तकीर्तिले पनि राम्रो स्वागत गरे। आचार्यले आफ्नो साथको 'दुष्टउषधि' नामक हात्ति राजालाइ दिए त्यसको वदलामा एक विहार वनाउन राजा संग अनुरोध गरे। राजाद्वारा आचार्यको अनुरोध स्वीकार भयो र एक विहारको निर्माण भयो। उक्त विहार थं विहार भन्ने ठाउमा वन्यो। (दास १९६५:७७) यो विहार कुनहो? सवै भन्दा विचारणीय र निर्णायक विषयनै यस परिप्रेक्षमा यहि हुन्छ। वास्तवमा थं विहार भन्ने कुनैपनि विहार पाल्पामा भएको उल्लेख पाईदैन। यो विहार त काठमाडौंको अहिलेको ठमेल विहार हो; जुन पछि आचार्य दीपंकरको विहार विक्रमशीलाको संस्मरणमा विक्रमशील विहार अर्थात पछि आएर संभवत: दीपङ्करकै नामले भगवान वहाल् भनिन थाल्यो।

उपर्युक्त २ नं. वुंदामा उल्लेख गरिएको कुरा धेरै तथ्यता र धेरै प्रमाणहरूले प्रस्तुत गर्दछन्। जस्तो पहिले-पहिले काठमाडौं शहरलाइ प्रशासनिक रूपले वा अन्यकारणले विभिन्न भागमा विभाजन गरिएको थियो। जस्तो पूर्वभाग (वंता) पश्चिमभाग (योंता) तल्लो क्षेत्र वा टोल

(कोने) माथिल्लो क्षेत्र वा टोल (थंने) आदि। यसैले माथिल्लो टोलमा अवस्थित विहारलाइ थं विहार भनिएको हो। पछि-पछि साना विहारलाइ वहि भनिने चलन आयो जसअनुरूप यो विहार पनि थं वहि भयो। यही थं वा थं वहो अपभ्रंश भएर ठमेल भनिन थालेको हो। अहिले उक्त टोललाइनै ठमेल भनिन्छ। डि.आर. रेग्मीलेपनि अतीशाको जीवनीमा उल्लेखित थं विहारलाइ प्रथम वा माथिल्लो विहार भनि उल्लेख दोहोर-याउनुभएको छ। तर उहाले अतीशाको काठमाडौं बसाइलाई पुष्टि गर्ने नेपाली स्रोत कुनै पाईदैन भन्ने राय दिनुभएको छ। (१९६५:१२६) तर हालैमा भगवानवहालमा रहेको शतसाहस्रीका प्रज्ञापारमितामा अतीशा दीपंकर-को नामउल्लेख भएको तथ्यता अवगत भएबाट नेपाली स्रोतलेपनि उक्तकुरा पुष्टि गरेको छ। त्यसै-हुनाले रेग्मीज्यूको उक्त विचारलाइ अब स्वीकार गर्न सकिन्न। यो माथि उल्लेखित तथ्यहरूको आधारबाट त आचार्य दीपंकरको दल स्वयंभू पछि सोझै होल्ख भन्ने स्थान(?) हुंदै काठमाडौंको मुख्य शहरमा आएको थियो भन्ने वुझिन्छ।[१]

(३) यसरी स्वयंभूबाट काठमाडौंको मुख्य शहरमा आएका भए पाल्पो गए भनेको केहो त ? भन्ने जिज्ञाशा उत्पन्न हुन्छ। यस विषयमा अलिकति माथिनै चर्चा गरिसकिएको छ। वास्तवमा त्यहां आचार्यको जीवनी लेखकले पाल्पो लेखेको नभएर वाल्पो लेखेको हो। तिब्बती भाषामा वाल्पो भनेको चाहिं नेपाल हो (दास १९८३:८६८) यसले एकीकरण पछि संपूर्ण नेपाललाई र कहिले काठमाडौंलाइ मात्र वुझाएको देखिन्छ। वाल्पो भनेको काठमाडौं हो भन्ने कुरामा चाहिं त्यसैले द्विविधा हुन सक्दैन। पूर्व मध्यकाल र मध्यकालमा नेपाल (काठमाडौं) उपत्यका र त्यस वरीपरीका वाहिरका केही क्षेत्रलाइनै बुझाउंथ्यो र तिब्बतीहरूपनि त्यहिनै वुझ्दथे। अहिलेको संपूर्ण नेपाललाइ वाल युल वा वाल्पो भन्दैनथे। संपूर्ण जुम्लालाइ `यात्से` मुस्ताङ क्षेत्रलाइ `लो` वा `लोवो` भने जस्तै उनीहरूले सुनेका र संवन्ध भएका साना रजौटा-हरूको पनि तिब्बती नाम संभवत: वेग्लै थियो। पछि नेपाल एकीकरणले संपूर्ण नेपाल एक भएको हुनाले संपूर्ण नेपाललाई वाल्पो वा वालयुल भन्न थालेको हो। तैपनि पाल्पालाइ वाल्पो भनेको उदाहरणचाहिं भेटिदैन। उदाहरणार्थ अरूपनि यहां उल्लेख गर्न सकिन्छ। जस्तो अहिलेपनि तिब्बती मानिसलाइ प्रश्न गऱ्यो भने प्रष्ट हुन्छ; उनीहरू चावहिलको स्तूपलाइ वाल्पो सा-लाग-दोलाग् भन्ने गर्दछन्। त्यस्तै यसको लागि तिब्बतका भिक्षु क्याग् लो-चा-वा (धर्म स्वामि) को जीवन चरित्र, नेपाल (काठमाडौं) का पण्डित शीलमन्जुको विषयलाइ उदाहरणको रूपमा लिन सकिन्छ। शीलमन्जु काठमाडौंका थिए (ज्ञवाली:२०१९:२९७) र उनलाइ काठमाडौंका शीलमन्जु

---

१. यो `होल्ख` स्वयंभू र काठमाडौंको मूख्य शहर वीचको कुनै स्थान, संभवत: विष्णुमती छेउको हुनुपर्दछ।

भन्दा तिब्बतीमा 'वाल्पो' शीलमन्जुनै भनिन्छ।[1] यसरीनै छवे-जेपाल (धर्म स्वामि) पनि अध्ययनगर्न अतीशाभन्दा करीब २ शताब्दी पछि वाल्पो वा वालयुल आएका थिए। त्यसवेला उनको स्वयंभूमा शुरूमा रत्नरक्षित (रिन्-छेन-छो) संग साक्षात्कारभएको थियो। उनले थं विहार देखेका थिए, जसलाइ पहिलो विहार (का-पाही चुग्-लाग् खाङ्) भनिन्थ्यो। त्यहां अतीशाले पूजागर्न एक मंदीर निर्माण गरेका थिए। जसलाइ भारतीयहरू धर्मधातु विहार (छ्योए-क्यी-यीङ्- क्यी-चुग लाग् खाङ्) भन्दथे भन्ने कुरा धर्मस्वामीको जीवनीमा लेखिएको छ। (रोइक १९५९: -७(मूल) ४४-५५ (अनुवाद)) धर्मस्वामिको जीवनी अध्याय २ मा "त्यस-पछि जब काठमाडौंमा भएको घरमा पुगें" भन्नलाइ "देनै वाल-युल दु नेपोही खाङ् पर ज्योन् पे" भनिएको छ। (छ्याग् लो-चा-वाको नाम् थर (जीवनी) दोस्रो अध्याय) यसै तथ्यतावाट वाल-युल अर्थात वाल्-पो भनेको खासगरी काठमाडौं हो भन्ने वुझिन्छ। त्यसैगरेर धर्म-स्वामिको जीवनीको आधारवाट अतीशाले मंदीर वनाउने काम काठमाडौंको थंविहार (धर्मधातु वा विक्रमशील वा भगवान वहाल) मा गरेको स्पष्ट हुन्छ। त्यसैले अतीशा दीपंकरको जीवनीमा १ वर्ष थम विहारमा वसे भनेको काठमाडौंमा वसे भनेको हो, नकि पाल्पामा। त्यस्तैगरेर अनन्तकीर्तिको दरवार पनि पाल्पा होइन काठमाडौंनै हो। पद्म प्रभ जसलाइ भारतवाट प्रस्थान गरेपछि अतीशादीपंकरले दीक्षा दिएका प्रथम भिक्षु थिए (दास: १९६५:७७), उनी पनि काठमाडौंके राजकुमार थिए; पाल्पाका होइनन्। टुचीले टुङ् ह्वाङ् एनलसमा उल्लेखित वालयुलको विषयमा चर्चा गर्दा तिब्बतमा एउटा अर्को वालयुल भएको देखाउनु भएको छ; जहां मध्यतिब्बतको चाङ् र वुई वीचको महत्वपूर्ण वस्ति ढि-हु-थाङ् (ड्री-हु-थङ्) पर्दथ्यो। टुचोको अनुशार यस वालयुलले नेपाल संग कुनै सम्बन्ध राख्दैन। (टुची: १९७८:३४४-४५) पश्चिम नेपाल तर्फ पनि यस वालयुलका निवासीहरू (जसलाइ वाल-वा भनिन्छ) प्रशस्त भेडा-च्याङ्ग्रा-हरू साथमा नुन लिएर आइ चामल व्यापार गरि फर्कन्थे भन्नेकुरा वुझिएको छ। तर यस वाल युलको र नेपालको नाम वाल-युलको तिब्बती लेखाइमा फरक देखिन्छ। जस्तो यो वाल-युल निवासीलाइ ह्वल्-व (ཧྭལ་པ) लेखिन्छ भने नेपालीलाइ लेख्दा वल्-पो [བལ་པོ ]लेखिन्छ। यी मध्य तिब्बतका वाल्-वा जाती तिब्बती ढोग्-पा अर्थात गोठाले जाती हुन्। त्यसैले यस लेखमा लेखिएको वाल्-पो चाहिं नेपालनै हो।

(३) त्यस्तै गरेर अब अतीशा दीपङ्कर पाल्पा नगएको भए कतावाट पश्चिमि तिब्बत प्रस्थान गरे भन्ने पुन: जिज्ञाशाको विषय वनेको छ। अहिलेसम्म अतीशा दीपङ्कर पाल्पा गए अनि कालीगण्डकीको वाटोलाई आधारवनाएर कसैले मुस्ताङ् हुँदै गए (स्नेलग्रोभ १९५७:

---

१. उदाहरणको लागि तिब्बती लामाहरूले प्रार्थना गर्दै पाठगर्ने एक श्लोकलाई यहां लिन सकिन्छ, जुन निम्न वमोजिम छ:

वाल्पो शीलमन्जुही, मण्डलाही खारकोङ् दु ।
जितर ताग् तेन् ङ्ये लाम् चि, फुर्वु ड्रुव्पी ढोग् ज्वे चिग् ।।

१६३-६८) कसैले मुक्ति क्षेत्र (मुक्तिनाथ) भएर डोल्पा तर्फबाट ताक्लाकोट हुँदै पुराङ् पुगे (प्रणवानन्द स्वामि १६४६:६८), कसैले व्यापारी र तीर्थयात्रीहरूको लागि मानसरोवर तर्फ जाने मार्ग भएको हुनाले जुम्ला-हुम्ला-तक्लाकोटको बाटोबाट मानसरोवर पुगे त्यसपछि थोलिङ् विहार पुगे (चट्टोपाध्याय: ३२७) भन्ने आदि रायहरू दिएका पाइन्छन्। तर यहाँ सबै विद्वान महोदयहरू प्रायत: बाल्पोलाइ पाल्पा भनेर अलमलिएर यो बाटोको अनुमान गर्न पुगेका छन् भने अर्को महत्वपूर्ण कुरा पश्चिमि तिब्बतको ङरी क्षेत्र भन्ना साथ सबैको आँखा त्यतै पुग्नाले यता मध्य नेपालको चल्तीको बाटोतर्फ दृष्टिनै नफर्किएकोले यस्तो हुन गएको जस्तो महसुश हुन्छ। वास्तवमा पश्चिमि तिब्बतका त्यसबेला अरू साना भन्दा शक्तिशाली राजा गुगेका थिए। जसले प्राय: संपूर्ण ङरी क्षेत्र (पश्चिम तिब्बत) कब्याएका थिए। ङरीका तीनक्षेत्रमा गुङ् थाङ् पनि पर्दथ्यो। त्यसबेला यस क्षेत्रलाइ ङरो म्ये अर्थात तल्लो ङरी क्षेत्रभित्र पारेर हेरिन्थ्यो यो क्षेत्र 'माङ युल' नामले पनि चिनिन्थ्यो। (टुची १९५६:१७,७४) गुङ् थाङ्को ग्याङ्-रब् (राजाको इतिहास) मा प्रष्टैरूपमा गुङ् थाङ्को मुख्य बस्ति वा किल्लालाइ ङरो फोङ् भनिएको छ। (टुची १९५६:१७) उता आचार्य दीपंकरको जीवनीमा बाल्पो (नेपाल-काठमाडौँ) बाट प्रस्थान गरेपछि महापण्डितलाइ तिब्बतका राजा ज्याङ् छुब होएले पठाएका ४ जना जनरल (अधिकारी) द्वारा तिब्बतको क्षेत्रमा पुग्नासाथ १०० घोडा, राजाले पठाएका सौगातहरू, सेता ध्वजा लिएका १६ घोडचढी अरू सेता छाता र पताका लिएका घोडचढीहरू, बाजा गाजाका साथ 'ओम मानी पेमे हुं' मंत्रोच्चारण गर्दै भव्यताका साथ स्वागत गरे भन्ने उल्लेखछ। (दास १९६५:७७:७८) तिब्बतक्षेत्रमा पुगेपछि सर्वप्रथम अतोशाले राजाका प्रतिनिधि नारो-चो-सुम्पालाई भेटेका थिए। उनले महापण्डितलाई ५ औंस सुन, तिब्बती चिया र अन्य चीजहरू दिएर स्वागत गरेका थिए। रातमा धार्मिक कार्यहरू गरिएको थियो। (दास १९६५:७८) यसबाट के बुझिन्छ भने, तिब्बतक्षेत्रमा पुगेपछि पहिलो रात सिमावर्ती तिब्बतको कुनै सानुठाउमा महापण्डित र उनको दललाइ राखिएको थियो। किनकि जीवनीमा त्यस पहिलो रातको उल्लेखपछि मात्र त्यसपछि दल ङरीको गुङ् थाङ् तर्फ जाँदा जो-ना-छेन् पो (फोङ् ना छेन्पो?) भन्ने ठाउमा नाग् छोको निवासस्थानमा महापण्डितलाइ स्वागत गरेको थियो र त्यहाँ आचार्य १ महिना बसेका थिए। (दास १९६५:७८) यस घटनालाइ सुम्-पा खेन्पो ये-से पालज्योद्धारा रचित पाग्-साम्-जोन् जाङ्मा १ वर्ष थैं विहारमा बिताएपछि पानी घोडा वर्ष (छु ताग् लो) मा महापण्डित ङरी क्षेत्रको गुङ् थाङ् थो-दिङ् (थो-लिङ्) मा पुगे भन्ने लेखिएको छ। (दास १९०८: १८५) ङरी गुङ् थाङ्मा नाग-छो लो-चा-बाको विहारथियो भन्ने कुरा क्याग् -लो-बा-वा (धर्मस्वामि) को जीवनीबाट पनि थाह लाग्दछ। उता सुम्-पाकोकृतिमा उल्लेखगरिएको गुङ्थाङ् थोलिङ् भन्नैले चाहिं वास्तवमा गुङ्थाङ् र (त्यसपछि) थोलिङ् भन्ने आशय देखाउछ। किनकी गुङ् थाङ् र थोलिङ् (विहार) एकैस्थानमा छैनन्। थोलिङ् भनेको गुगे क्षेत्रमा अर्थात सुदुर पश्चिम तिब्बतमा र गुङ्थाङ् भनेको चाहिं पश्चिम तिब्बतको सबै भन्दा पूर्व

दक्षिण सिमाक्षेत्र हो। जेहोस् क्याग्-लो-चा-वा (धर्मस्वामि) लाई पछि त्यहाँ नाग्-छोके स्थान (पद) मा बस्न निम्त्याएपछि धर्मस्वामि नेपालवाट सोझै गुङ् थाङ्को त्यसै विहार-मा गएका थिए। त्यहाँ पुग्नासाथ उनलाइ त्यस भेगका ८० वटा गोन्पाको सांचो जिम्मा दिइएको थियो। त्यस गोन्पाको नाम याङ्-दोग् हो। (रोइक १६५६:१०१-१०२) जुन जो-ना छेन पो मा पर्दछ। (दास १६६५:७८) यो जो-ना-छेन्पो भनेको चाहिं जोङ्-खा-जोङ् हुनुपर्दछ भन्ने यस लेखकको विचार छ। यहि जोङ् खा जोङ् भनेकै तिब्बती ग्रोतमा उल्लेखित ङरी जोङ् हो भन्ने पनि लेखकको विचारछ। यसै जोङ् खा जोङ्लाइ कहिलेकाहिं मङ् युल जोङ्-का भनि उल्लेख भएको पनि पाइन्छ। (टुची १६५६:१७) नेपालको इतिहासमा खास-गरी तिब्बत युद्धको समयमा वढि नामचलेको फुंगाको किल्ला भनेको पनि यहि हो। वास्तव-मा नेपालीले तिब्बतीको फ जोङ्-खा लाइ फुंगा सुनेर यस्तो उल्लेख गरेको हुनुपर्दछ। समय-समयमा नेपाल-तिब्बत युद्धताका फुंगाका फ मोम् पोन संग वार्तालाप भएका कागजपत्रहरू पनि पाइन्छन्। वास्तवमा यी फ मोम् पोन भनेका जोङ्खा-का जोङ् प्योन अर्थात जोङ्खा किल्लाका किल्ला प्रमुख वा क्षेत्र प्रमुख हुन। त्यसैले जोङ् छेन् पो भनेको यहि जोङ् खा जोङ् हुनुपर्दछ। जोङ् छेन्-पो भन्नाले ठूलो किल्ला वा ठूलो वस्ति भन्ने अर्थ हुन्छ।

उपरोक्त तथ्यताहरूवाट धार्मिक र राजनैतिक दृष्टिकोणले उक्त गुङ् थाङ् वा जोङ् छेन् पो वा क्योरोङ् क्षेत्र प्राचीनकाल देखि आधुनिककाल सम्मनै ज्यादै महत्वपूर्ण थियो भन्ने कुरा स्पष्ट हुन्छ। यस आधारवाट अध्ययन गर्दा आचार्य दीपङ्कर १ महिना जति गुङ्थाङ् तर्फनै वितारेर मात्र थोलिङ् विहारमा (गुगेक्षेत्र) पुगेको वुझिन्छ। जेहोस यस तथ्यताको आधारमा हामो के भन्न सक्दछौं भने, गुगेका राजाले महापण्डितको भव्यताकासाथ स्वागतगर्न तिब्बत क्षेत्रमा पाइलो टेक्नासाथै देखि आफ्ना मानिस पठाएका थिए। वाटोमा राम्रो प्रवन्ध मिलाइएको थियो। दोस्रो कुरा महापण्डित तिब्बतमा सर्वप्रथम मानसरोवर पुराङ् क्षेत्रमा नपुगेर पहिले गुङ्थाङ्को 'जो-ना-छेन्-पो' (जहाँ उनलाइ लिन गएका साथमा भएका नाग्-छो लो-चा-वाको निवास (गोन्पा) थियो) मा पुगेका थिए र त्यहाँ १ महिना वसेका थिए। अव विचारणीय कुरा निम्न प्रश्नहरूमा छ:

(१) यो गुङ्थाङ् नेपालको हुम्ला-दार्चुला तर्फवाट अर्थात ताक्लाकोट भएर जांदा नजिक पर्दछकि काठमाडौंवाट तिब्बतजाने प्राचीनकाल देखि चलेको महत्वपूर्ण रसुवा तर्फवाट क्योरोङ् हुंदै जांदा नजिक पर्दछ?

(२) अर्कोकुरा अतीशालाइ निम्त्याएर तिब्बत वोलाउने राजा कहाँ वस्दथे? र तिब्बतमा आचार्यको पहिलो कार्यक्षेत्र कुन थियो?

(३) त्यस्तै जीवनीमा पहिले महापण्डितको दल गुङ्थाङ् १ महिना वसेर पछिमात्र पुराङ् तर्फ लाग्नुको मतलव के हो?

यो प्रश्नहरूको ध्यानपूर्वक जवाफ दिंदा अतीश दिपंकर कुनवाटोवाट तिव्बत गएका थिए भन्नेकुरा प्रष्ट हुन्छ। अतीशाको विभिन्न स्रोतको आधारवाट पछि संपादित जीवनीमानै पनि उनो पहिले ङरी क्षेत्रमा पुगेपछि गुंगे पुराङ् क्षेत्रमा पुगे भन्ने उल्लेख नआएर पहिले माङ्युल पुगेको उल्लेखछ। यो माङ्युल त्यहि गुङ्थाङ् क्षेत्र हो अर्थात जोङ्-खा क्षेत्रहो। नेपालको तिव्बतको नक्शा हेरेमा गुङ्थाङ् वा जोङ्-खा कहां पर्दछ भन्ने कुरा स्पष्ट हुन्छ। नेपालको रसुवागढी पारगरेर पुगिने तिव्बतको क्योंरोङ् भन्दा थोरैमाथि मात्र जोङ्-खा वा गुङ्थाङ् पर्दछ। (नक्शामा हेर्नुहोस) वरू काठमाडौंवाट पोखरा अथवा पश्चिम नेपालका कुनै स्थानहरू हुँदै (पाल्पानपुगिकन) मुस्ताङ् भएर दोपङ्कर गुङ्थाङ् तर्फ लागे भनेको भए केही विचार गर्नु पर्ने हुन्थ्यो। तर त्यसमा पनि त्यत्ति मेलखाने आधारहरू पाईंदैनन्। किनकि मुस्ताङ् (तत्कालिक लोवो क्षेत्र) त्यसैवेलापनि तिव्बती वुद्धधर्मको दृष्टिकोणले महत्वपूर्ण ठाउंथियो। अतीशाके समय ताकाका केहो पछिका तिव्बती विद्वान भिक्षु मिल-रे-पा कैलाश भ्रमणमा गएकार लोवो (मुस्ताङ्) पुगेका, काश्मिरो पण्डित शाक्य श्री आदि मुस्ताङ् पुगेको उल्लेख पाइन्छ। (रोइक १९७६:१०७१) त्यसैले त्यत्रा महापण्डित अतीश पनि `लोवो` (मुस्ताङ्) पुगेको भए कतैन कतै उल्लेख आउनुपर्ने हो। तर यस्तो उल्लेख कतै पाइदैन। त्यसैहुनाले अतीश दीपंकर मुस्ताङ् तर्फवाट पनि गुङ्थाङ् गएको सावित हुंदैन। अर्कोकुरा अतीश पहिले आफुलाइ त्यत्रो श्रद्धाले तिव्बतमा जसले वोलायो उसलाई नभेटो अन्यत्र गएर कामगर्ने कुरै थिएन। त्यसैले पहिले उनी गुंगे पुग्नु थियो। तर काठमाडौंवाट क्यो-रोङ् हुँदै त्यसतर्फ जांदा आफुलाई अखण्ड धैर्य गरेर, दुःख सहेर, २ वर्षसम्म वसि साथदिएर तिव्बत ल्याउने कुशल दोभाषे (लो-चा-वा) प्यारो शिष्यको निवास (गोन्पा) मा पुगेपछि नाग्-छोके अनुरोधमा महापण्डित गुङ्थाङ्मा १ महिना वसेको हुनुपर्दछ। नाग्-छोलागि ज्यादै गौरवको कुराथियो त्यत्रा महापण्डितलाइ आफ्नो ठाउमा पैल्हे स्वागतगर्नु। अर्कोकुरा नेपालवाट त्यत्रा पहाडहरू अप्ठेरो वाटो पारगर्दै गुङ्थाङ् पुग्दा केही थकाईको अनुभव पनि भएको हुंदोहो र नाग्-छोको आफ्नै ठाउमा पुगेकोहुंदा १ महिना सम्म केहो धार्मिक कार्यगरो आराम गरेको पनि हुन संभवछ। त्यसपछि चाङ्पो उपत्यकाका विभिन्न वस्तिहरू हुँदै महापण्डित पुराङ् पुगे र त्यहांवाट राजा ज्याङ्-छुव-होएलाई भेट्न गुंगेस्थित थोलिङ् विहारमा पुगेको हुनुपर्दछ। त्यसपछि मानसरोवर कैलाश क्षेत्र अर्थात पश्चिमि तिव्बत क्षेत्रका विभिन्न स्थानहरूमा विहारहरू निर्माण गराउंदै धेरै धार्मिक कार्यहरू गरे। त्यसपछिमात्र फेरी ती महान आचार्य मध्यतिव्बत तर्फ लागेका थिए। यदि आचार्य दोपङ्कर पाल्पा ताक्लाकोट हुँदै मानसरोवर पुगेकाभए त्यहांवाट गुङ्-थाङ् आएर फेरो ताक्लाकोट (पुराङ्) नै पुग्नुको कुनै औचित्य हुँदैन। साथै माथि प्रस्तुत गरिएका विभिन्न तथ्यताहरूले यो कुरा हुँदै होइन भन्ने प्रमाण पेश गर्दछन्। यसकिसिमले

पाल्पा र वाल्पो तथा ङरी र गुङ्थाङ् क्षेत्रको ऐतिहासिक भौगोलिक यथार्थता स्पष्ट नहुनाले अतीशाको यात्राको विषयमा यो उपर्युक्त भ्रम पर्न गएकाहुन्।

यसलेखमा माथि उल्लेख गरिएका स्वयंभूका राजा, टि-शोङ्-ढो र हौल्स भन्ने ठाउं साथै राजा अनन्तकीर्तिको वारेमा खास तथ्यता त पाउन सकिएको छैन तापनि त्यसवारेमा यहां अलिकति चर्चागर्नु सान्दर्भिकनै ठानिएकोछ। त्यस्तैगरेर आचार्य दीपङ्करको तिथि-मिति र तिब्बतयात्राको तिथि-मिति विषयमा पनि।


महापण्डित दोपङ्करलाइ स्वयंभूमा स्वागतगर्ने राजा कोहुन्? भन्ने विषयमा पहिले चर्चा गरिन्छ। तिनताका यहां काठमाडौं उपत्यकाको राजनैतिक अवस्था त्यत्ति राम्रो थिएन र त्यत्तिकै इतिहासमा स्पष्ट पनि छैन। त्यस समय भन्दा करीव २ शताब्दी पछि भने उपत्यकामा यहां सामन्त शासकहरूको विगविगि भएको कुरा स्पष्ट भएको छ। (वज्राचार्य, २०२२: १२-३६) केन्द्रको अवस्था कमजोर भएको जुनसुकै वेला सामन्त शासकहरू शक्तिशाली भएर निस्कन्छन् भन्ने कुरा त सिद्धनै छ। त्यसैले दोपङ्करको नेपाल भ्रमण भएको समयमा पनि उपत्यकाको केन्द्रीय शासन कमजोर भएको हुंदा वाहीरका र भित्रकै पनि सामन्त शासकहरू अगाडि वढ्नु स्वभाविकै हो। `क्षेत्र-क्षेत्रमा किल्लाको सुरक्षा र हेर विचार गर्न सामन्तहरूको व्यवस्था केन्द्रीय शासकले गरेका हुन्थे। तर केन्द्र वलियो हुंदा यस्ता सामन्तहरू राजा प्रति वफादार हुन्थे र कमजोर भएमा आफै स्वतन्त्र राजा समेत हुने परम्परा धेरै पुरानु हो। दोपङ्करलाइ स्वागत गर्ने स्वयंभूका राजा पनि यस्तै सामन्त शासक अर्थात महापात्र मध्येकै हुनुपर्दछ। स्वयंभू संग इटुम वहालको सम्वन्ध पहिले देखि पछि सम्मनै भएको हुंदा र त्यहां केही शताब्दी सम्म बनेपाका भारदार वंशका मदनरामसिंह वर्धन र उनका छोरा शक्तिरामसिंह वर्धनहरूको हालिमुआलि भएकोले (वज्राचार्य: २२-३५) थिनका पूर्वजहरूनै स्वयंभूका राजा भनिएका हुन्कि? शक्तिरामका वा मदनराम सिंहका काका जयसिंहराम वर्द्धनलाइ श्री श्री महाराजाधिराज परमेश्वर परम भट्टारक भनि त्यसैवेला लेखिएको `<u>दशकर्म शास्त्र</u>` भन्ने पुस्तकमा लेखिएको छ। (वज्राचार्य:३०) यस आधारवाट सामन्त महापात्रहरू पनि राजा कहलाइन्थे भन्ने कुरा प्रमाणित हुन्छ। यस विषयमा विशेष अनुसन्धान पछि हुनेछ। यी राजा (सामन्त) ले टि-शोङ्-ढो भन्ने ठाउं सम्म आचार्य दोपङ्करको दललाइ स्वागत गर्न आफ्ना अधिकारीहरूलाइ पठाएका थिए र उक्त ठाउ स्वयंभू वा निकै माथि टाढा भनि उल्लेख भएको हुंदा स्वयंभूवाट उत्तर तर्फ भएको महशुस हुन्छ। तर उक्त स्थान कुन हो? भन्ने विषयमा यसै भन्न सकिन्न। एकातिर तराइवाट उपत्यका भित्र प्रवेश गर्ने २ मुख्य वाटो मध्ये एउटा फर्पिङ् भएर र एउटा वनेपा तर्फवाट थिए। फर्पिङ् तर्फवाट आएको भए वौद्ध जगतमा महत्वपूर्ण उक्त फर्पिङ्मा आचार्य पुगेको उल्लेख जोवनीमा हुनुपर्ने हो। अर्को वनेपा तर्फवाट आएका भए पहिलेनै वाल-पोको उल्लेख हुनु नपर्ने हो। तिनताका केन्द्रीय सरकार ,पनि भक्तपुरमानै

त्यसैले पहिले त्यतै आचार्यको स्वागत हुनु थियो भन्नेकुरा ऐतिहासिकपत्र वाटै पुष्टि हुन्छ। पर्दथ्यो।


बाल्पोही थाङ अर्थात बाल् पो (काठमाडौं) को उपत्यका (फांट वा मैदान) मा आइपुग्नु भन्दा अगाडि स्वयंभूको डांडा वाट हिंडेपछि जुन `होल्ख` भन्ने स्थानको उल्लेख छ, त्यो काठमाडौंको मुख्य शहर र स्वयंभू वीचको कुनै स्थान हुनु पर्दछ। अर्को महत्वपूर्ण कुरा यहां वाल्पोका राजा अनन्तकीर्ति जसको क्षेत्र स्वयंभू पर्दैनथ्यो र मुख्य शहरको अहिलेको ठमेल क्षेत्र सम्म चाहिं पर्दथ्यो। संभवत: यो राजा पनि संपूर्ण उपत्यका अर्थात त्यस ताकाका नेपालका राजा थिएनन्। किनकि अनन्तकीर्ति नामका राजाको उल्लेख अन्य स्रोतमा पाईदैन। कि उनको नाम अर्को पनि हुनु पर्दछ। उनो स्वयंभूका सामन्त भन्दा वढी शक्तिशाली काष्ट-मण्डपको माथिल्लोटोल (थँने) का वा दुवै टोलका सामन्त राजा हुनुपर्दछ। पछि हुने यस-विषयको अनुसन्धानवाट यसबारेका तथ्यताहरू प्रकाशमा आउने आशा राख्नुनै अहिलेको सीमा भएको छ।

अब अन्त्यमा अतीश दीपङ्करको तिब्बत यात्राको तिथिमिति वारेमा यहां थोरै चर्चा गरौं: हुनत अलका चट्टोपाध्यायले यस विषयमा राम्रो संग तुलनात्मक अध्ययन सहित निर्णय दिनुभएको छ। (चट्टोपाध्याय: ३०७-३०८) जस अनुसार सरत चन्द्र दासले पेश गर्नुभएको ३ थरो मिति जुन ई.सं. १०३८ (दास १८८१:२३७) मा आचार्य दीपङ्करले विक्रमशीलावाट प्रस्थान गरे भन्ने राय, लेभीले पेशगर्नुभएको ई.सं. १०४० (लेभी १९०५-८:२३७) त्यस्तै डि.सि. भट्टाचार्यले पेश गर्नु भएको ई.सं. १०४१ मा आचार्यले भोटकोलागि प्रस्थान गरे भन्ने राय (भट्टाचार्य १८८१:२३७) समेत सपाँचैथरो रायको एकै साथ खण्डन गरि आफ्नो राय चट्टो-पाध्यायले पेश गर्नु भएको छ। रमेश चन्द्र मजुमदार र सुनिति कुमार चटर्जीले त दीपङ्कर ई. सं. १०३५ तिर तिब्बत गएको पनि भनेका छन्। (मजुम्दार १९४३:१४५, ३८९) चट्टोपाध्यायको निर्णय अनुसार अतीश तिब्बतको लागि प्रस्थान गरेको ई.सं. १०४०, काठमाडौंमा१ वर्ष वसेको ई.सं. १०४१ र तिब्बतको ङरी पुगेको १०४२ हो। (चट्टोपाध्याय: ३२१) वास्तवमा विभिन्न आधार खासगरी नाग्-छो लो- चा-वाको जन्ममितिवाट र उनो दीपङ्करलाइ लिन विक्रमशीला पुग्दाको उमेर (वर्ष २७) र उनो त्यहां आचार्यको लागि पर्खिएको १८ महिना अर्थात २ वर्ष जोड्दा १०११+२७+२=१०४०ई.सं. हुनेहुंदा यहि राय स्वीकार्य देखिन्छ। खासगरी नाग्-छोको तिथिमिति दीपङ्करको जीवनी बाहेक अन्यत्रवाट पनि थाह लाग्दछ। माथिनै नाग्-छो को विहार र धर्मस्वामिको तिथिमितिवाट पनि यस वारेमा प्रष्ट हुन्छ। नाग्-छोको विहारमा पछि धर्मस्वामिलाइ प्रमुख वनाइ राखिएको उल्लेख गरिसकिएको छकि, थियो।

## वास्तविक हुनुपर्ने अतीशाको काठमाडौं-थोलिङ यात्रा मार्ग




## पहिलेभएका अनुसन्धानका आधारमा अतीशाको काठमाडौं-थोलिङ यात्रा मार्ग



## परिशिष्ट

लेखमा प्रयोग भएका तिब्बती ठाउंकानाम, मानिसकानाम र अन्य शब्दहरूको विवरण

व्यक्तिका नाम:

| लेखमा | तिब्बती लिपिमा | देवनागरीमा | नेपाली वा संस्कृत अर्थ |
|---|---|---|---|
| जो-वो-जे अतीशा | ཇོ་བོ་རྗེ། ཨ་ཏི་ཤ | जो-वो-र्जे अ-ती-श | दीपङ्कर श्रीज्ञान |
| डोम-तोन् | འབྲོམ་སྟོན། | ऽब्रोम-स्तोन् | तिब्बतका एक लामा |
| खुम्-पा-खेन्-पो ये-से पाल्-ज्योर | གསུམ་པ་མཁན་པོ་ཡེ་ཤེས་དཔལ་འབྱོར། | गसुम्-प-म्खन्-पो ये-से दपल्- ब्योर | ,, |
| ल्हा-लामा- ये-से-होए खोर-दे | ལྷ་བླ་མ་ཡེ་ཤེས་འོད། འཁོར་ལྡེ། | ल्ह-ब्ल-म-ये-शेस्-ऽोद् खोर्-ल्दे - | देवगुरु ज्ञान-प्रभ गुगेका राजा |
| ग्या-चोन्-ढुए-सेङ्गे | རྒྱ་བརྩོན་འགྲུས་སེང་གེ། | र्ग्य-ब्र्चोन्ऽग्रुस्-सेङ्-गे | वीर्य सिंह (तिब्बती दोभाषो) |
| ज्याङ्-छ्युब-होए | བྱང་ཆུབ་འོད། | ब्यङ्-छुब्-ऽोद् | बोधिभद्र |
| नाग्-छो छुल-ठीम ग्याल्-वा | ནག་ཚོ་ཚུལ་ཁྲིམས་རྒྱལ་བ། | नग्-छो-छुल्-ख्रिम्स्-र्ग्यल-व | जयशील |
| लाङ्-दार-मा | གླང་དར་མ། | ग्लङ्-दर-म | तिब्बतका बुद्धधर्मका बिरोधि १ राजाको नाम |
| गोए लो-चा-वा | དགོས་ལོ་ཙ་བ། | गोस्-लो-च-व | क्षितिगर्भ वा भूमिगर्भ |
| छ्याग लो-चा-वा छ्योए -जे पाल | ཆག་ལོ་ཙ་བ། ཆོས་རྗེ་དཔལ | छ्यग्-लो-च-वा-छोस्-र्जे-दपल्- | धर्म स्वामि १ जना तिब्बती दोभाषो |
| रिन्-छेन्-छो | རིན་ཆེན་རྒྱ་མཚོ། | रिन्-छेन्-म्छो | रत्न रक्षित |
| ङाग्-वाङ्-निमा | ངག་དབང་ཉི་མ། | ङग्-द्वङ्- ञी-म | १ जना तिब्बती लामाको नाम |
| ङारी | མངའ་རིས | मङ्ऽ-रिस् | पश्चिम तिब्बतको क्षेत्र |
| ङारी म्यै | མངའ་རིས་སྨད། | मङ्ऽ-रिस्-स्मद् | तल्लो ङारी |
| गारलोग पा | གར་ལོག་པ། | गर-लोग्- प | पश्चिम तिब्बतको एक स्थान र त्यहांका जाती |
| गुङ् थाङ पा | གུང་ཐང་། | गुङ्-थङ्- प | तिब्बतको जोङ्खा नजिकको एक ठाउ र त्यहांका निवासी |
| टि-शोङ्-ढो<br>टि-शोङ् मारो | ཁྲི་ཤོད་བྲོ། (ཁྲི་ཤོད་བ་རོ།) | ख्रि-शोङ्-ब्रो<br>(ख्रि-शोङ्-व-रो) | काठमाडौं उपत्यकाका एकजना भारो (भारादार) को नाम |
| पाल्पोही थाङ् | པལ་པོའི་ཐང་། | पल्-पोही-थङ् | पाल्पाको फांट वा उपत्यका |
| वाल्पोही थाङ् | བལ་པོའི་ཐང་། | पल्-पोहो थङ् | वाल्पो= काठमाडौं को उपत्यका वा फांट |

ठाउका नाम:

| लेखमा | तिब्बती लिपिमा | देवनागरीमा | नेपाली वा संस्कृत अर्थ |
|---|---|---|---|
| होल्ख | ཧོལ་ཁ། | होल्-ख | स्वयंभू-काठमाडौं शहर बीचको कुनै स्थानको प्राचीन नाम |
| जोङ्-का/ जोङ्-खा | རྫོང་དཀར། རྫོང་ཁ། | र्जोङ्- द्कर् /जोङ् म्खर् | गुङ् थाङ्को राजधानी श्वेत किल्ला वा किल्ला दरबार |
| या-छे | ཡ་ཚེ། | या-छे | जुम्ला खश साम्राज्यको पुरानु तिब्बती नाम |
| पु-राङ् | སྤུ་རངས། | स्पुद्-रङ्स | पश्चिम तिब्बतको एक प्रान्त |
| लो-वो | གློ་བོ། | ग्लो-वो/ ग्लो-बो | मुस्ताङ् राज्यको तिब्बतीनाम |
| गुगे | གུ་གེ | गु-गे | पश्चिम तिब्बतको १ राज्य |
| सा-लाग्-दो-लाग् | ས་ལྷག་རྡོ་ལྷག | स-ल्हग्-र्दो-ल्हग् | चावहिल स्तुपको तिब्बती नाम |
| थो-लिङ् | ཐོ་ལིང་། | थो-लिङ् | गुगेको १ गोन्पा |
| माङ्-युल | མང་ཡུལ། | मङ्-युल् | पश्चिम तिब्बतको १ प्रान्त |
| चाङ्-पो | གཙང་པོ། | ग्चङ्-पो | तिब्बतमा ब्रम्हपुत्रको नाम |
| का-पाही-चुग्-लाग्-खाङ् | ཀ་པཧི་གཙུག་ལག་ཁང་། | कपहो-गचुग्-लग् -खङ् | पहिलो विहार शं वहि |
| गोङ्-ल्हा-ल्हा-खाङ् | གོང་ལྷ་ལྷ་ཁང་། | गोङ्-ल्ह-ल्ह-खङ् | माथिल्लो विहार शं वां |
| छ्योए-क्यी-यीङ्-क्यी-चुग्-लाग्-खाङ् | ཆོས་ཀྱི་དབྱིངས་ཀྱི་གཙུག་ལག་ཁང་། | छोस्-क्यी-द्व्यीङ्-क्यी गचुग् लग -खङ् | धर्मधातु विहार शं वहि |
| याङ्-दोग्-गोन्-पा | དབྱངས་སྒྲོགས་དགོན་པ། | द्व्यङ्स-स्ग्रोस् द्गोन्-प | याङ् दोग् विहार तिब्बतको |

ग्रन्थहरू:

| | | | |
|---|---|---|---|
| देब्-थेर-ङोन्-पो | དེབ་ཐེར་སྔོན་པོ། | देब्-थेर-स्ङोन्-पो | निलो पुस्तक - ब्लु एनल्स |
| देव-थेर-मार-पो | དེབ་ཐེར་དམར་པོ། | देब्-थेर-द्मर-पो | रातो पुस्तक रेड एनल्स |
| पाग्-साम्-जोन्-साङ् | དཔག་བསམ་ལྗོན་བཟང་། | द्पग्-ब्सम्-ल्जोन्-बसाङ् | |
| तेन्-ग्युर | བསྟན་འགྱུར | ब्स्तन्- ग्युर | भाष्य अनुवाद तिब्बती बौद्धधर्म ग्रन्थ |

विहारहरू:

| लेख्मा | तिब्बती लिपिमा | देवनागरीमा | नेपाली वा संस्कृत अर्थ |
| --- | --- | --- | --- |
| अन्य: | | | |
| लो-चा-वा | ལོ་ཙཱ་བ། | लो-च-व | दोभाषे |
| छेन्-पो | ཆེན་པོ། | छेन्-पो | ठूलो / प्रमुख |
| नाम्-थर | རྣམ་ཐར | र्नम्-थर | जीवनी |
| दुङ्-रब् | གདུང་རབས། | ग्दुङ्-रबस् | राज इतिहास |
| ओम-मा नि-पेमे-हुं | ཨོཾ་མ་ཎི་པདྨེ་ཧཱུྃ༔ | ॐ-मणि-पद्मे- हुं | |
| सा-क्या पा | ས་སྐྱ་པ། | स-स्क्य- प | तिब्बतको एक स्थान त्यहाँको धर्म संप्रदाय |
| दे-ने-बाल-युल-दु-ने-पोहो-खाङ् पर ज्योन्-पे | དེ་ནས་བལ་ཡུལ་དུ་གནས་པོའི་ཁང་པར་བྱོན་པས། | दे-नस्-बल्-युल्-दु-ग्नस्-पोही-खङ् पर-ब्योन्-पस् | त्यसपछि काठमाडौंमा मरको घरमा गर्ने। |

## संन्दर्भ ग्रन्थहरू

(नेपाली तथा हिन्दी)

ढुंगेल, विपिनदेव, २०४१। "थान विहार नै त कांङ्गे विहार हैन"? गोरखापत्र शनिवाशरीय (मंसिर, २३)।

ढुंगेल, रमेश २०४२। "प्राचीन नेपालको नेपाल-भारत व्यापार" नेपाल इकनमिष्ट पूर्णाङ्क १७।

वज्राचार्य, धनवज्र २०३०। लिच्छविकालका अभिलेख, कीर्तिपुर: नेपाल तथा एशियाली अ.सं.।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ २०३२। दोलखाको ऐतिहासिक रूपरेखा, कीर्तिपुर: नेपाल तथा एशियाली अनुसन्धान केन्द्र।

सांकृत्यायन, राहुल १९६०। तिब्बतमें सवा बरष, नयां दिल्ली शारदा मन्दिर।

--- १९७४। तिब्बतमें बुद्धधर्म (दोस्रो संस्करण), इलाहावाद: किताव महल।

स्वामी, प्रनमानन्द १९४६। कैलाश मानसरोवर, कलकत्ता।

ज्ञवाली, सूर्यविक्रम २०१६। नेपाल उपत्यकाको मध्यकालीन इतिहास, काठमाडौं: रोयल नेपाल एकेडेमी।

## REFERENCES

(English)

Chattopadhyaya, Alaka 1984. *Atīsā and Tibet*, (Reprint) Delhi: Motilal Banarasidass.

Das, Saratchandra, 1888. *Sum-pa-dpag-bsam-ljon-bzaṅ*, (tr. & ed.), Calcutta.

--- 1883. "Indian Pandits in the Land of Snow", *Journal of Royal Asiatic Society*.

--- 1965. *Indian Pandits in the Land of Snow* (2nd. ed.) Calcutta: K.L. Mukhopadhyay.

--- 1983. *Tibetan-English Dictionary* (Compact Ed.) Kyoto: Rinsen Book Company.

Levi, Sylvian, 1905. *Le Nepal* Vol. II, Paris (also English translation Keshar Library).

Majumdar, R.C., 1943. (Ed.) *History of Bengal*, Vol. I, Dacca.

Regmi, D.R., 1965. *Medieval Nepal*, Vol. I, Calcutta: K.L. Mukhopadhyay.

Roerich, G., 1959. (Tr.) *The Biography of Dharmasvāmin*, Patna: K.P. Jayaswal Research Institute.

--- 1976. (Tr. & Ed.) *The Blue Annals*, Delhi: Motilal Banarasidass.

Snellgrove, D.L., 1957. *Buddhist Himalaya*, Oxford, Bruno Cassirer (Publishers) Ltd.

Tucci, Guiseppe, 1956. *Priliminary Report on Two Scientific Expeditions in Nepal*, Roma: Is. M.E.O.

--- 1971. *The Red Annals*, Roma: Is. M.E.O.

--- 1978. *Minor Buddhist Texts*, Pt. II, Reprinted, Kyoto: Rinson Book Company.